प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं। मद्यपान र जुवातास्जस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : २१० ॥ २०८१ भाद्र २६ गते बुधबार (11th Sep 2024 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

बिरुवा रोप्ने सबै, स्याहार्ने खोई ?

बिर्तामोड(प्रस) ।बिर्तामोड नगरपालिकाको ४ नं वडा कार्यालयले गत वर्ष भद्रपुर रोडको दुवैतर्फ ३८४ वटा फूलका बिरुवा रोप्यो। स्याहार नहुँदा प्रायः सबै नासिएर गए। मुश्किलले २५ वटा जति मात्र बाँचेका छन्। बिरुवा रोपेर यतिकै छोडिदिने प्रवृतिका कारण बेस्याहार भएर ती बिरुवा मासिएका हुन्। बाटामा हिड्ने बटुवाले लातले हानेर टोकरी लडाउँदा पनि, जरैदेखि उखेलेर लाँदा पनि, फूलको बिरुवालाई चुँडाएर फ्याल्दा पनि हेर्ने कोही भएन। वडा कार्यालयले रोपेको बिरुवा सबैको साझा हो भन्ने सोचाई नै नपाएको वडाध्यक्ष राहुल शर्माले बताए। व्यवसायीहरुको पसल अगाडि रोपिएको बिरुवा हेरचाह गर्ने मुख्य दायित्व उनीहरुको भएपनि बिर्तामोडका व्यवसायीहरुमा त्यस्तो सचेतना नपाइएको उनले अनुभव सुनाए। 'व्यवसायीहरुले आफ्नो पसलमात्र हेर्छन्, बाटो हेर्दैनन्' उनले भने, 'नब्बे प्रतिशत व्यवसायीहरुले आफ्नो पसलअगाडि रोपिएको बिरुवालाई बेवास्ता गर्दा नासिएर गयो।' बजरंग मेडिकल छेउछाउका केही व्यवसायीहरुले भने आफैले बिरुवा रोपेर हुर्काएको उनको भनाई छ। त्यस्तै बिर्तामोडको ३ नं वडा कार्यालयले पनि रोपेको बिरुवाको अवस्था पनि लगभग उस्तै छ। हरित वडा बनाउने भन्दै ३ नं वडा कार्यालयले गत वर्ष करिव हजार वटा फूलका बिरुवा रोपेको थियो। त्यसमध्ये धेरै मासिए। मासिएको ठाउँमा सयवटा फूलका बिरुवा थप रोपेको बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकीले बताए। ३ नं वडा कार्यालयले धौला पुलतर्फ ६०, मेची आँखा अस्पतालदेखि साई मन्दिरसम्म ४ सय, विराटपोखरीमा १३० वटा बिरुवा रोपेको थियो। त्यस्तै भित्री सडकमा पनि बिरुवा रोपिएको वडाध्यक्ष बुढाथोकीले बताए। रोप्न सजिलो भएको तर, हुर्काउन गाह्रो रहेको उनले सुनाए। सोमवार मात्र बिर्तामोड नगरपालिकाको आयोजनामा सडकको दुवैतर्फ फूलका ४ सयवटा बिरुवा रोपिएको छ।तर, ती बिरुवाहरुलाई हुर्काउन गाह्रो देखिएको छ। भद्रपुर रोडमा सोमवार रोपिएको बिरुवाको जाली सोवार राति नै चोरी भएको स्थानीय व्यवसायी विनोद तिम्सिनाले बताए। सडकको बीचमा रहेको डिभाइडरमा आवतजावत नहुने भएकाले त्यहाँ रहेका बिरुवालाई हुर्काउन ठूलो समस्या देखिएन। तर, सडकको पेटीमा रोपिएका बिरुवा हुर्काउन चुनौती छ। यसअघि पनि रोपिएको ठाउँमा बृक्षरोपण गर्दा बृक्षरोपणको नाममा नगरको बजेट खेर फाल्न नहुने सरसफाइकर्मी विष्णु आचार्य बताउँछन्। स्थानीय व्यवसायीसंगै जनप्रतिनिधि, टोल विकास संस्था, नगर प्रहरी, सामाजिक संघ संस्थाका प्रतिनिधि लाग्दा मात्र संभव देखिने बिर्तामोड ४ का वडाध्यक्ष शर्मा बताउँछन्। 'पसल अगाडि फुलेको फूलको बिरुवाबाट आनन्द लिने त्यहीको व्यवसायीले हो, फूल टिप्ने उनीहरुले हो, अक्सिजन लिने पनि उनीहरु नै हुन्' वडाध्यक्ष शर्माले भने,' त्यसकारण अब व्यवसायीहरुमा बिरुवा जोगाउने चेत आउनुपर्यो।' बिर्तामोडलाई हरित नगर बनाउने उद्धेश्यकासाथ नगरपालिका र वडा कार्यालयहरुले व्युटिफिकेसनमा लाखौ रुपैयाँ खर्च गर्दै आएका छन्।

हात्तीको अंगसहित मेचीनगरका चापागाईं पक्राउ

झापा(प्रस)। झापाको मेचीनगरबाट जंगली हात्तीको अंगसहित एकजना पकाउ परेका छन्। पक्राउ पर्नेमा मेचीनगर-९ का खगेन्द्र चापागाईं रहेका छन्।

संरक्षित वन्यजन्तु हात्तीको अंगसहित उनलाई मंगलवार लामो समयको सुराकपश्चात् डिभिजन वन कार्यालय झापा, सब डिभिजन वन कार्यालय धाइजन र धुलाबारी प्रहरीको संयुक्त टोलीले पक्राउ गरेको हो।

डिभिजन वन कार्यालय झापाका सिनियर वन अधिकृत जीवन पाठकका अनुसार चापागाईंका साथबाट ८ केजी बङ्गारा, दाँत, पुच्छर, खुर, नंग्रालगायतका शरीरका विभिन्न अंग बरामद गरिएको छ।

उनले भण्डारण गरेर राखेको कोठाबाट अंगहरू वन कर्मचारी र प्रहरीले बरामद गरेका थिए। चापागाईंले लामो समयदेखि विदेश जाने प्रक्रियामा रहेका युवालाई महँगोमा औषधिको रूपमा उक्त अंग मिश्रित सामग्री बेच्ने गरेको खुल्न आएको छ।विदेश जाने प्रक्रियामा मेडिकल गर्दा छातीमा दाग देखिएका युवालाई दाग हटाउनका लागि मोटो रकम लिएर औषधिको रुपमा बिक्री गर्दै आएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

पक्राउ परेका चापागाईंसहित उनका बुवा र बाजे जडीबुटीको काम गर्दै आएको प्रहरीले जनाएको छ। हात्तीका अंगलाई धुलो बनाएर अन्य औषधिमा मिसाएर उनले बेच्ने गरेको पाइएको छ।

चापागाईंलाई डिभिजन वन कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको बताइएको छ। झापामा वन्यजन्तुको अंगसहित व्यक्ति पक्राउ गरेको यो घटना अहिलेसम्मकै ठुलो मानिएको छ।

घटनामा संलग्नलाई कार्बाही गर्न वाइसीएलको माग

बिर्तामोड(प्रस) । आक्रमणमा संलग्नलाई पक्राउ गरी कार्वाही गर्न वाइसीएल नेपालले माग गरेको छ। बुद्धशान्तिका वाइसीएल अध्यक्ष पंकज शेर्पामाथि आइतबार भएको आक्रमणको घटनामा संलग्न मेचीनगर-१२ घर भएका बालकुमार विष्ट र नविन विष्टलाई पक्राउ गरी कार्बाहीको दायरामा ल्याउन वाइसीएलले माग गरेको हो। मंगलवार बिर्तामोडमा पत्रकार सम्मेलन गर्दै वाइसीएलले आक्रमणमा संलग्न बिष्ट दाजुभाइलाई प्रहरीले पक्राउ गर्न आनाकानी गरेको भन्दै आन्दोलनको कार्यक्रम घोषणा गरेको छ।

'हामीले निवेदन दिँदा पनि प्रहरी प्रशासनले पक्राउ गर्न चासो दिएको छैन,' वाइसीएल नेपाल झापाका अध्यक्ष डेबिट शाही ठकुरीले भने, 'मंगलवार दिनभरमा पनि आक्रमणमा संलग्न बिष्ट दाजुभाइलाई पक्राउ गरी कानुनी दायरामा नल्याए बुधवार मेची राजमार्ग बन्द गर्छौं र अन्य आन्दोलनको कार्यक्रम अघि सार्छौं।'

मेची राजमार्ग सडकखण्डअन्तर्गत मेचीनगर-१२ स्थित सहरेडाँगी उत्तर सडकमा हातहतियारसहित विष्टद्वयले शेर्पालाई आक्रमण गरेको वाइसीएल नेपाल झापाले दावी गरेको छ। ट्र्याक्सी चालकले अनियन्त्रित ढंगले सवारी चलाएको र सो सवारी चालकलाई शेर्पाले रोक्न लगाई सम्झाई बुझाई गरेसँगै घटना मिलिसकेको अवस्थामा पूर्वाञ्चल ट्र्याक्सी व्यवसायी संघका अध्यक्षसमेत रहेका बालकुमार विष्ट र उनका भाइ नबिन विष्टले एक्कासि घरेलु हतियार, बाईकको हेल्मेटले शेर्पालाई अन्धाधुन्ध प्रहार गरी घाइते बनाएको वाइसीएल प्रदेश अध्यक्ष कुमार आचार्यले दावी गरे। शेर्पाको बीएण्डसी अस्पतालमा उपचार भइरहेको उनले बताए।

स्पाइन एक्स अस्पतालमा घाइतेको मृत्युपछि तनाव

झापा(प्रस) ।झापाको बिर्तामोड-२ भगवान चौकस्थित स्पाइन एक्स सुपर स्पेसलिटी हस्पिटल एण्ड ट्रमा सेन्टरको लापरवाहीले विरामीको मृत्यु भएको भन्दै आफन्तहरु आन्दोलित भएका छन्। एनेस्थेसिया सम्बन्धी चिकित्सकबिना नै हेल्परले अप्रेशन गर्दा विरामीको मृत्यु भएको भन्दै आफन्तले आन्दोलन गरेका हुन्। दुर्घटनामा परी घाइते भएका भारतको बिहारस्थित जोगबनी घर भई हाल फिदिम नगरपालिका वडा नं. २ पल्लोटारमा बस्दै आएका ३० वर्षीय मोहमद इर्साद हुसेनको उपचारका क्रममा मंगलवार बिहान ७ बजे मृत्यु भएको हो। त्यसपछि आफन्तहरुले अस्पतालमा होहल्ला गरेपछि अस्पताल परिसर तनावग्रस्त बनेको थियो। अस्पतालमा तनाव भएपछि प्रहरी पठाएर स्थिति सामान्य बनाएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए। उनले अस्पताल पक्षले उपचार खर्च मिनाहालगायत लेनदेनमै विवाद मिलाएको कुरा सुनेको जानकारी दिए। त्यसपछि मृतक परिवारले शव बुझेका थिए। हुसेन पाँचथरको एक ट्र्याक्टर ग्यारेजमा कामगर्दथे।पाँचथरको फिदिम नगरपालिका वडा नं. २ लाँलीखर्कस्थित मेची राजमार्गमा ताप्लेजुङबाट झापातर्फ आउँदै गरेको प्र १-०१-००१ ख ४३३४ नम्बरको ट्रक र फिदिमतर्फ जाँदै गरेको हुसेन चढेको मे ८ प ७९०४ नम्बरको मोटरसाइकल शनिवार दिउँसो १२ बजे एकापसमा ठोक्किएको थियो। तिघ्रामा चोट लागेर हुसेन गंभीर घाइते भएका थिए। उनलाई पाँचथर जिल्ला अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि सोही दिन बेलुका स्पाइन एक्स सुपर स्पेसलिटी हस्पिटल एण्ड ट्रमा सेन्टरमा रिफर गरिएको थियो।

ट्रक चालक पाँचथरको हिलिहाङ गाउँपालिका वडा नं. २ काबेली निवासी ३६ वर्षीय तिलक भण्डारीलाई जिल्ला प्रहरी कार्यालय पाँचथरले नियन्त्रणमा लिएको छ।

कोशीका निवर्तमान मुख्यमन्त्री कार्की पुनः अनशनमा

झापा(प्रस)। कोशी प्रदेशका निवर्तमान मुख्यमन्त्री केदार कार्कीले फेरि अनशन सुरु गरेका छन्।

निषेधित क्षेत्रमा अनशन बसेको भन्दै केही समयअघि उनलाई प्रहरी नियन्त्रण लिएको थियो।

प्रहरी धरपकडपछि उनीसहित करिब ४० जना कार्यकर्ता पनि अनशनस्थल छाड्न बाध्य भएका थिए। प्रहरीले उनलाई गाडीमा टंकीसिनवारीको घरसम्म छाडेर फर्किएको थियो। लगत्तै उनी निजी गाडी चढेर अनशन बस्न विराटनगर पुगेका छन्। उनी विराटनगरको देवकोटा चोकमा अनशन बसेका छन्।

निषेधित क्षेत्रमा अनशन बसेको भन्दै विराटनगर-७ स्थित प्रदेशसभा सचिवालयको सय मिटर नजिकैबाट कार्कीलाई मंगलबार साँझ प्रहरीले नियन्त्रणमा लिएको थियो। मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारले हटाएका केही योजनालाई निरन्तरताको माग गर्दै उनी समर्थकसहित अनशनमा बसेका छन्। उनले दश वर्षमुनिका बालबालिकाकाका लागि विशिष्टीकृत सेवासहित निःशुल्क उपचार कार्यक्रम नियमित गर्नुपर्ने, बजेटमा २५ लाखभन्दा तलका आयोजना नराख्ने नीति लिनुपर्ने माग राखेका छन्।

यस्तै शैलजा आचार्य हृदयरोग उपचार केन्द्रको सञ्चालन गर्नुपर्ने, महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने, घिउ तथा धूलो दुधको निर्यातमा प्रोत्साहन रकम वितरण कार्यक्रम यथावत् राख्नुपर्ने, सुनसरी-मोरङ केसलिया करिडोरको विकास कार्यक्रममा पर्याप्त बजेट दिनुपर्ने, कृषि र प्राविधिक शिक्षाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, डाक्टर, इन्जिनियरलगायत विभिन्न विधाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने र जनावरमैत्री जङ्गल निर्माण गर्नुपर्ने माग पनि अघि सारेका छन्।

सरकारप्रति राप्रपा अध्यक्ष लिङ्देनको असन्तुष्टि

बिर्तामोड(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले वर्तमान सरकारप्रति असन्तुष्टि पोखेका छन्। मंगलबार गृह जिल्ला झापाको बिर्तामोडमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले सरकारसँग असन्तुष्टि पोखेका हुन्। उनले सरकारमा नेतृत्व गरेका दलहरू राज्यको सम्पत्ति दोहन गर्न मात्र लागिपरेको आरोप लगाए। राप्रपा नेपाल झापाले आयोजना गरेको बृहत पार्टी प्रवेश कार्यक्रममा बोल्दै लिङ्देनले सरकारमा सहभागी दलहरुले ३५ बर्षयता राज्यको सम्पत्ति मात्र दोहन गरेको आरोप लगाए।

'हिजो बहुदलीय ब्यवस्थाका लागि लडेका दलहरु आज दुई दलीय ब्यवस्था मान्नुपर्ने स्थानमा आएका छन्' उनले भने 'यतिबेला नेपाली कांग्रेस र एमाले दुई दलीय ब्यवस्थाको पक्षमा पुग्नु भनेको

❖ बाँकी तेस्रो पृष्ठमा

LINCOLN UNIVERSITY COLLEGE
Approved by Ministry of Education, Nepal
T.U Equivalent Degrees
Globally Recognized Courses
MBA 2 years program
BBA 4 years program
BHM 4 years program
BIT 4 years program
ADMISSION OPEN
International Degree at your Door Step
www.lincolnbalmiki.edu.np
Balmiki LINCOLN COLLEGE
Bitramod, Jhapa, Nepal
023-542373, 9815999988

कृषि समूहलाई बंगुरका पाठा वितरण

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले वडा नम्बर २ को पूर्णिमा कृषि समूहलाई बंगरका पाठा वितरण गरेको छ ।नगरपालिकाको मेयर पकेट प्याकेज कार्यक्रमअन्तर्गत उक्त समूहलाई ३० वटा बंगुरका पाठा वितरण गरिएको हो । कार्यक्रमको नियमानुसार वडा नम्बर ९ को नमुना बंगुरपालन कृषक समूहले फिर्ता गरेको पाठा पूर्णिमा समूहलाई वितरण गरिएको हो ।कार्यक्रममा बोल्दै नगर उप-प्रमुख नगेन्द्र प्रसाद संग्रौलाले नगरलाई माछामासुमा आत्मनिर्भर बनाउने योजनाअनुसार मेयर पकेट प्याकेज कार्यक्रमलाई निरन्तरता दिएको बताए । मेहेनत गर्दा वंगुरबाट मनग्य आम्दानी लिन सकिने भएकोले व्यवसायिक बन्न उनले आग्रह गरे । यसैबीच वडा नम्बर २ का वडाध्यक्ष किशोर पौडेलले बंगुरका पाठाबाट मनग्य आम्दानी लिन सकिनेमा आफू विश्वस्त रहेको बताए । उनले आगामी दिनमा कृषक महिलाहरुको क्षमता विकासका लागि अन्य कार्यक्रमहरुको आयोजना गर्ने जानकारी दिए ।

नगरपालिकाले गएको आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम अनुसार पाठा वितरण गरेको हो । कार्यक्रममा बोल्दै पशुपंछी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहालले आर्थिक वर्ष २०७४/७५ यता नगरपालिकाले
१ करोड ४४ लाख रुपैयाँ बराबरको बंगुर र बाख्राका खोर निर्माणमा खर्च गरिसकेको जानकारी दिइन् । उनले बंगुरपालनबाट कृषकले मासिक ६० हजारदेखि ३ लाख रुपैयाँसम्म आम्दानी गर्दै आएको बताइन् । कार्यपालिका सदस्य तथा आर्थिक विकास समिति संयोजक संगीता सिवाको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यपालिका सदस्य तिला गौतम, वडा नम्बर २ का वडासदस्य ओमनाथ गौतम , चेतन बिमलीलगायतको उपस्थिति रहेको थियो ।

भद्रपुरमा हुने प्रदेशस्तरीय ब्याडमिन्टनको तयारी पूरा

झापा(प्रस) । झापाको भद्रपुरमा हुने कोशी प्रदेशस्तरीय पुरुष खुला तथा भेट्रान्स ब्याडमिन्टन प्रतियोगिताको तयारी पूरा भएको छ ।
यही भदौ २८ गतेदेखि ३० गतेसम्म भद्रपुरको मेची रंगशालामा रहेको कभर्ड हलमा हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक झापा जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष दिपेश ढकालले बताए ।
प्रतियोगिताका लागि खेलाडी दर्ताको काम पनि अन्तिम चरणमा पुगेको छ । प्रतियोगिता पुरुष डबल्स र भेट्रान्स डबल्स गरी दुई विधामा सञ्चालन हुनेछ ।

मेची रंगशाला
स्वागतम्
स्वागतम्

अध्यक्ष ढकालका अनुसार प्रतियोगितामा नेपालका उत्कृष्ट १६ र्‍यांकिङ खेलाडीले भने भाग लिन पाउने छैनन् । भेट्रान्स विधामा भने ४५ वर्ष उमेरमाथिका खेलाडीले मात्र सहभागिता जनाउन पाउने छन् ।
प्रतियोगिताका खुलातर्फका विजेताले नगद ५० हजार रुपैयाँ, ट्रफी र मेडल पाउने संघका अध्यक्ष ढकालले जानकारी दिए । त्यस्तै, दोस्रो हुनेले नगद ३० हजार र तेस्रो हुनेले नगद १०-१० हजार, ट्रफी र मेडल प्राप्त गर्ने छन् ।
भेट्रान्सतर्फका विजेताले नगद ४० हजार रुपैयाँ, ट्रफी र मेडल पाउँदा दोस्रो हुनेले नगद ३० हजार रुपैयाँ, ट्रफी र मेडल तथा तेस्रो हुनेले नगद १०-१० हजार रुपैयाँ, ट्रफी र मेडल पाउने छन् ।
पहिलोपटक हुन लागेको प्रतियोगितालाई सलोनी टि कपले प्रायोजन गरेको अध्यक्ष ढकालले जानकारी दिए ।

बिर्तामोडमा जुत्ता मेला शुरु

जुत्ता चप्पल मेला २०८१
Date : 2081/5/25 - 6/25
दशैं तिहार महोत्सव तथा जुत्ता चप्पल मेला २०८१
उद्घ

बिर्तामोड(प्रस) । चाडपर्व नजिकिँदै जाँदा झापाको बिर्तामोडमा जुत्ता मेला शुरु भएको छ । बिर्तामोडको सिटीसेन्टरमा मंगलबारबाट मेला शुरु भएको हो ।
एक कार्यक्रमका बिच बिहीबार बिर्तामोडकी नगर प्रमुख पवित्रा महतारा प्रसाईले मेलाको उद्घाटन गरिन् । उनले मेलाको उद्घाटन गर्दै महङ्गो मूल्य हालेर किनेको विदेशी उत्पादनमात्र राम्रो भन्ने बुझाईलाई परिवर्तन गर्न र स्वदेशी उत्पादनको प्रयोगलाई आम उपभोक्ताले प्राथमिकतामा राख्न आग्रह गरिन् । स्वदेशी उत्पादनको प्रयोगले उपभोक्ता र व्यवसायी दुवैलाई फाइदा पुग्ने उनले बताइन् ।

नेपालमा स्थापित चर्चित जुत्ता चप्पल कम्पनी र ब्राण्डहरु बीएफ डियर हिल, फस्ट वाक सुज, रन सुज, स्मार्ट सुज, क्रस रोड सुज गरी ५ वटा कम्पनीका १० भन्दा बढी ब्राण्डका जुत्ता चप्पल उपलब्ध रहेको जुत्ता उत्पादक नानीराज घिमिरेले जानकारी दिए ।

मेलामा दशैं तिहार लक्षित नयाँ डिजाइनका स्पोर्टस् सुज, क्याजुअल सुज, पाटी सुज, स्कुल सुज, फुटबल, फुटसलका सुज र बालबालिकाका सुजहरु उपलब्ध हुने पनि घिमिरेले बताए । मेला अवधिभर न्यूनतम् १५ देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था रहने आयोजकले जनाएको छ । मेला असोज २४ गतेसम्म चल्ने महोत्सव संयोजक होमनाथ उपाध्यायले जानकारी दिए ।

७२ लाख शरणार्थी बालबालिका शिक्षाको पहुँचबाट वञ्चित

झापा(प्रस) । संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) ले विश्वव्यापी शरणार्थी शिक्षा र भर्नामा उल्लेखनीय प्रगति हासिल भएको तर अझै पनि विश्वका एक करोड ४८ लाख विद्यालय जाने उमेर पुगेका शरणार्थी बालबालिकामध्ये लगभग आधा विद्यालय जानबाट वञ्चित भएको जनाएको छ ।
यस वर्ष यूएनएचसीआरले जारी गरेको शरणार्थी शिक्षा प्रतिवेदन अनुसार ६५ शरणार्थी आयोजक देशहरूको तथ्याङ्कले लगभग ७२ लाख शरणार्थी बालबालिका असुरक्षा, समावेशी शिक्षा नीतिको अभाव, क्षमता र भाषा अवरोधजस्ता कारणले गर्दा शिक्षाबाट वञ्चित छन् ।
प्रतिवेदनले सन् २०२२/२३ को शैक्षिक वर्षका लागि शरणार्थीको औसत कुल भर्नादर पूर्वप्राथमिक तहका ३७ प्रतिशत, प्राथमिक तहका लागि ६५ प्रतिशत र माध्यमिक तहका लागि ४२ प्रतिशत रहेको देखाएको छ ।
शरणार्थी शिक्षामा विभिन्न अवरोधको बाबजुद पनि विगत पाँच वर्षमा आशाजनक प्रगति भएको युएनएचसीआरले पुष्टि गरेको छ । नयाँ प्रतिवेदनले शरणार्थीहरूका लागि शिक्षाको पहुँच केही प्रमुख आयोजक देशमा विस्तार भएको सङ्केत गरेको छ। यसबाहेक कममात्रै शरणार्थीहरू राष्ट्रिय परीक्षामा समावेश भए पनि पास दर उच्च र कहिलेकाहीँ राष्ट्रिय औसतभन्दा बढी पनि रहेको पाइएको छ ।
युएनएचसीआरले सन् २०३० सम्म शरणार्थीको शिक्षाको अधिकारलाई सम्बोधन गर्न दिगो अन्तर्राष्ट्रिय सहयोग र नवीन साझेदारीलाई निरन्तरता दिन आयोजक राज्य, सरकार, दाता र साझेदारहरूलाई आह्वान गरेको छ ।

ज्ञानुराम प्रतिष्ठानको रक्तदानमा १०१ पिन्ट रगत संकलन

बिर्तामोड(प्रस) । ज्ञानुराम प्रसाई स्मृति प्रतिष्ठानले मंगलवार झापाको बिर्तामोडमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।
रगतको अभाव भइरहेका बेला प्रतिष्ठानले रक्तदान कार्यक्रम आयोजना गरेको थियो ।बिर्तामोड नगरपालिकाकी प्रमुख एवम् प्रतिष्ठानकी संरक्षक पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा प्रतिष्ठानले आयोजना गरेको रक्तदान कार्यक्रममा सशस्त्र प्रहरीसहित १०१ जनाले रक्तदान गरेका छन् ।
कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले प्रतिष्ठानमार्फत विभिन्न सेवामूलक सामाजिक अभियानहरू सञ्चालन गरिने बताउँदै सदस्य विस्तार अभियानलाई तीव्र बनाइने बताइन् ।
कार्यक्रममा नेकपा एमाले लेखा आयोग सदस्य जसमाया गजमेर र एमाले केन्द्रीय सल्लाहकार परिषद् सदस्य ज्ञानेन्द्र प्रकाश ओलीली शुभकामना मन्तव्य राखेका थिए । सहभागीलाई प्रतिष्ठानका उपाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले स्वागत गरेका थिए । नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा सहभागी रक्तदातालाई प्रमाणपत्र वितरण गरिएको प्रतिष्ठानका सहसचिव टीकाराम प्रसाईले बताए ।
बिर्तामोडका सामाजिक एवम् राजनीतिक व्यक्तित्व ज्ञानुराम प्रसाईको योगदानलाई चीरस्थायी बनाउँदै सामाजिक कार्य गर्ने उद्देश्यले प्रतिष्ठान स्थापना भएको जनाइएको छ । प्रतिष्ठानमार्फत यसअघि अधुवा खोला करिडोरमा वृक्षरोपण गरिएको थियो ।

आइसिसी लिग खेल्न नेपाली टोली क्यानडातर्फ

झापा(प्रस) ।आइसिसी विश्वकप लिग-२ अन्तर्गत क्यानडा र ओमानविरूद्धको त्रिकोणात्मक एकदिवसीय सिरिजका लागि नेपाली राष्ट्रिय टोली मंगलबार राति क्यानडा प्रस्थान गरेको छ । क्यानडा जानुअघि नेपाली टोलीको मंगलबार विहान विदाइ गरिएको छ। नेपाली टोलीमा तीव्र गतिका बलर रिजन ढकाल र विकेटकिपर ब्याटर अर्जुन साउदले पुनरागमन गरेका छन्। टोलीबाट सन्दीप जोरा, सागर ढकाल र आकास चन्द बाहिरिए। क्यानडामा हुने एकदिवसीय सिरिज भदौ ३१ देखि सुरू हुनेछ। असोज १० गते एकदिवसीय सिरिज सकिएपछि असोज १२ बाट टी-२० सिरिज सुरु हुनेछ। दुवै सिरिज नेपालले चार-चार खेल गरी कुल ८ खेल खेल्नेछ। नेपालले क्यानडामा लिग-२ को दोस्रो सिरिज खेल्न लागेको हो। यसअघि नेपालले घरेलु मैदानमा पहिलो सिरिज खेलेको थियो। नेदरल्यान्ड्स र नामिबियाविरुद्धको सो सिरिजमा नेपालले एक खेल मात्र जित्दा तीन खेलमा पराजय भोगेको थियो। क्यानडामा खेलेपछि नेपाली टोलीले अमेरिकामा अर्को सिरिज खेल्नेछ। अक्टोबरमा हुने सिरिजमा अमेरिका, नेपाल र स्कटल्यान्ड भिड्नेछन्।

त्रिविले उपाधिलाई समकक्षता नदिने



झापा(प्रस) । त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रले आवश्यकताभन्दा कम र बढी परीक्षा लिएका उपाधिलाई समकक्षता नदिने भएको छ ।

तोकिएको समयभन्दा बढी परीक्षा लिएको र कम समयमा भर्ना नभईपछि भर्ना भएर एकै पटक एकभन्दा बढी सेमेस्टरको परीक्षा दिएका प्रमाणपत्रलाई समकक्षता नदिने केन्द्रले जनाएको छ ।
एक सार्वजनिक सूचना जारी गर्दै विदेशस्थित विभिन्न विश्वविद्यालय एवं शिक्षण संस्थामा अध्ययन गरी उपाधि लिई आएकामध्ये कक्षा १२ को परीक्षाफल प्रकाशन अगावै स्नातक तह भर्ना भएका, विश्वविद्यालयमा भर्ना नहुँदै पहिलो सेमेस्टरको परीक्षामा सहभागी भएको, तोकिएको समयमा भर्ना नभई पछि भर्ना भएर एकै पटक एकभन्दा बढी सेमेस्टरको परीक्षा दिएकाहरूलाई समकक्षता नदिने जनाएको हो ।

त्यस्तै ४ वर्ष ८ सेमेस्टरको कोर्स ३.५ वर्ष वा सो भन्दा कम अवधिमा उपाधि प्रदान गरेको, एकै वर्षमा ३ वा सोभन्दा बढी नियमित सेमेस्टर परीक्षा लिएको समेत भेटिएकाले त्यस्ता उपाधिको समकक्षता दिन नसकिने केन्द्रले जनाएको छ ।

मोटरसाइकल सर्भिसिङ
गर्नुपरेमा हामीलाई सम्झनुहोस्
भद्रपुर मेचीपारी अनुभवी टेक्निसियनद्वारा मोटरसाइकलको राम्रो सर्भिसिङ गर्नुका साथै सरल तथा सुपथ मूल्यमा पार्टस्हरु पाइन्छ । आउनुहोस् सेवा गर्ने मौका दिनुहोस् ।
सम्पर्क :
सेवा ग्यारेज
गलगलिया, भादगाउँ (मेचीपारी)
मो. ९७६३५२८४२०, ९७०३२९५२८१
इन्डियन नं. +९१९६०८३४७५२३

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

घर नक्सा पास गर्ने तथा पुरानो (बनेका)
घर अभिलेखिकरण सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१ भाद्र ०९ गते

प्रस्तुत विषयमा मिति २०८१/०५/०२ मा बसेको कार्यपालिकाको बैठकको निर्णाय अनुसार बिर्तामोड नगरपालिका क्षेत्रभित्र निर्माण भइसकेका सरकारी,गैर सरकारी,संस्थागत तथा निजी भवनहरुको हकमा भवन दर्ता तथा अभिलेखिकरण गर्ने र नक्सापासको प्रकृयामा रहेता पनि म्याद सकिएर सम्पन्न प्रमाणपत्र नलिएको भवनहरुको हकमा एक वर्षको म्याद दिई एकपटकलाई शत प्रतिशत राजश्व लिई प्रमाण पत्र लिन तथा नगर विकास समितिबाट राजश्व तिरी नक्सापासको प्रकृयामा रहेको र सम्पन्न प्रमाण पत्र लिन बाकी रहेको भवनहरुको हकमा प्रमाण पत्र लिनको लागि मिति २०८१ माघ मसान्त सम्मको समय दिईएको सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तीलचन भण्डारी
उपसचिव

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

सम्पादकीय

सचेतना जगाऔं

झापाको दोमुखामा बेपत्ता भएकामध्ये एकजना किशोर अझै भेटिएका छैनन् । एकजनाको शव फेला परेको छ ।भद्रपुर नगरपालिका वडा नम्बर ५ बस्ने १७ वर्षीय फिरोज शेखको शव भेटिएको हो । उनीसंगै हराइरहेका बिर्तामोड नगरपालिका २ बस्ने १८ वर्षीय उज्वल राई भेटिएका छैनन् । दोमुखामा पौडी खेल्न गएका चारमध्ये दुई किशोर हराइरहेका थिए । सोमवार दिउँसो ३ बजेदेखि दोमुखाको ड्याममा पौडी खेल्न पसेका चारमध्ये दुईजना बेपत्ता भएका थिए । कन्काई नहरमा डुबेर करिव तीन वर्षमा २० जनाको ज्यान गइसकेको छ ।२०८० सालमा ८ जना , २०७९ सालमा ६ जना र २०७८ सालमा ४ जनाको डुबेर मृत्यु भएको हो । २०८० मा मृत्यु हुने सबै ८ जना पुरुष हुन् । त्यसमध्ये दुई जना १४ र १५ वर्षका दुईजना बालक छन् । अरु ३२ , ४६,७० , ७५ , ७७ र ८४ वर्षका हुन् । त्यस्तै २०७९ मा १५ महिना, ११ र १२ वर्षका तीन बालबालिकासहित ६ जनाको ज्यान गएको थियो । त्यस्तै २०७८ मा २१ , ३९ , ३९ र ५२ वर्षका एक महिला र ३ पुरुषको मृत्यु भएको इलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ । मृत्यु हुनेहरुको तथ्यांकलाई हेर्दा वर्षेनि बढ्दै गएको छ । गर्मीयाममा नहरमा पौडी खेल्न जाँदा धेरै बालबालिकाहरुले ज्यान गुमाएका छन् । त्यस्तै ७० वर्षका माथिका व्यक्तिहरु मादक पदार्थ सेवन गरेर नहरमा चिप्लेर लड्दा मृत्यु भएको इलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ । त्यसैगरी नहरमै नुहाउन , लुगा धुन , गाईवस्तुलाई पानी खुवाउन जाँदा अप्रिय घटना हुने गरेको छ । कन्काई नहरमा हुने गरेको बढ्दो मानवीय क्षति रोक्न सचेतना कार्यक्रम आबश्यक छ । प्रहरीले कन्काई नहर भएर बग्ने शिवसताक्षी नगरपालिका वडा नं ७,९, १० र ११ का बासिन्दाहरुलाई प्रहरीले सचेत गराएको थियो । तर, त्यो व्यापक भएको देखिएन ।

नहर क्षेत्रमा बालबालिका तथा बृद्धाबृद्धाहरुलाई एक्लै जान नदिने , नहरमा पौडी खेल्ने, लुगा धुने, नुहाउने जस्ता कार्यहरु नगर्ने र गर्न नदिने , नहरमा ख्यालठट्टा नगर्ने गरौं । नहरभित्र चिप्लो हुनाले पौडीमा दक्ष मानिसको समेत ज्यान जान सक्छ । यदि कोही कसैलाई नहरले बगाएमा वा नहरभित्र डुबेमा तत्कालै नजिकको साथी र प्रहरीलाई खबर गरौं। नहरमा पौडी खेल्न सिक्ने, मनोरञ्जन गर्नेजस्ता जोखिमपूर्ण कार्य नगरौं र गर्न नदिऔं।अमूल्य जीवन जोखिममा पारेर खेर नफालौं। मादक पदार्थ सेवन गरी नहर वरपर नजाऔं र जान नदिऔं ।

Pratidin National Daily
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

ज्येष्ठ नागरिकमा एक्लोपन

• प्रेमनारायण भुसाल

सामाजिक अन्तरक्रिया मानसिक स्वास्थ्यका लागि महत्वपूर्ण औषधी हो । आपसी सद्भाव, प्रेम, सहयोग, विश्वास र समझदारीबाट आत्मबल बढ्नुका साथै मनोसामाजिक स्वस्थतासमेत प्राप्त हुन्छ । व्यक्ति व्यक्तिबिचको अन्तरक्रियामा कमी हुनासाथ अन्तर्मुखी प्रवृत्ति बढ्दै जान्छ भने सामान्य जनजीवनबाट व्यक्ति एकाकी बन्न थाल्छ । सामाजिक, आर्थिक र राजनीतिक द्रुत परिवर्तनले व्यक्तिलाई समायोजन हुन कठिनाइ सिर्जना गरेको अवस्थामा वा उसको जीवनस्तरमा तुरुन्तै ठुलो परिवर्तन आएमा समायोजनजन्य समस्या सिर्जना हुन सक्छ । मानवनिर्मित वा प्राकृतिक जुनसुकै दुर्घटना वा विपत् सृजित समस्याबाट सबैभन्दा बढी जोखिममा बालबालिका, महिला र ज्येष्ठ नागरिक हुने गर्छन् । विपत्ले सिर्जना गरेका समस्या र तिनबाट प्रवाहित हुने परकम्पले उनीहरूका दैनिक जीवनका सामान्य क्रियाकलापमा समेत विचलन ल्याउँछन् ।

बालबालिकामा बढ्दै गएको ग्याजेटप्रतिको मोह र भर्चुअल संसारमा रम्ने प्रवृत्तिले वास्तविक रूपमा एक्लोपन सिर्जना हुँदै गएको छ । उनीहरूको परिवार, नाता सम्बन्ध र वास्तविक इष्टमित्रसँग सम्बन्धविच्छेद भएको छ । यस्तै बढ्दो सहरीकरण र व्यस्त जीवनशैलीका कारण ज्येष्ठ नागरिक नितान्त एक्लोपन महसुस गर्दै छन् । जीवनको सक्रिय युवावस्थामा विभिन्न काममा संलग्न भई अति व्यस्त हुने व्यक्ति वृद्धावस्थामा प्रवेश गर्नासाथ एकै पटक आर्थिक, सामाजिक र राजनीतिक शक्तिको केन्द्रबाट विस्थापित हुँदै परिधिमा पुग्छ । आफूसँग हुर्केका साथीहरूको अभावका कारण उसमा झनै एकाकीपन थप्दै जान्छ ।

एक्लोपनका कारण निम्तिएका दुर्घटनाबारे भर्खर मात्र सार्वजनिक जापानको समाचारले सबैलाई चिन्तित बनाएको छ । त्यहाँ बितेको छ महिनामा करिब ४० हजार व्यक्तिको एक्लोपनका कारण बेवारिसे मृत्यु भएको आकलन गरिएको छ । पछिल्लो समय बढ्दो सहरीकरण र प्रतिस्पर्धी जनजीवनका कारण नेपाली समाज पनि स्वार्थी बन्दै गएको छ । ज्येष्ठ नागरिकप्रति गर्नुपर्ने जिम्मेवारीबोध गर्नबाट समाज पन्छिँदै गएको छ । खासगरी युवामा विदेशमोह बढ्दै गएको छ । ग्रामीण क्षेत्रका युवा आन्तरिक बसाइँसराइका कारण सहर र सुविधासम्पन्न ठाउँमा केन्द्रित हुन थालेका छन् । बसाइँसराइका कारण उनीहरू नयाँ परिवेशमा समायोजन हुनका लागि व्यस्त जीवनशैली अपनाएका छन्, जसका कारण गाउँघरमा ज्येष्ठ नागरिक अलपत्र पर्न थालेका छन् ।

छोराछोरी सहरबजार वा विदेशमा बस्ने भएपछि ज्येष्ठ नागरिक नातिनातिनासँग अन्तरक्रिया गर्दै समय व्यतीत गर्ने सौभाग्यसमेत प्राप्त गर्न सकेका छैनन् । यसले गर्दा उनीहरूमा एकलासे प्रवृत्ति बढ्दै गएको छ । बागलुङबाट वैदेशिक रोजगारीमा गएका युवाले आमाबुबाको काजकिरिया गर्न समयमा आउन नसक्ने भएकाले शव सुरक्षित राख्न सामूहिक रूपमा फ्रिज किनेको समाचारले केही समयअघि ज्येष्ठ नागरिकको वर्तमान अवस्थाबारे झस्काएको थियो । त्यतिखेर आमाबुवाप्रतिको जिम्मेवारी वहन गर्न नसक्ने युवापुस्ता भनी आलोचनासमेत भएको थियो तर वास्तविकता हामी कसैबाट छिप्न सक्ने अवस्था छैन । विदेशमा बसेका छोराछोरी भनेकै समयमा घर आउन नसक्ने भएकैले उनीहरूले विवश भई यसप्रकारको योजना गरेका हुन् । ग्रामीण क्षेत्रमा बसाइँसराइका कारण ज्येष्ठ नागरिक मात्र अलपत्र अवस्थामा बस्ने स्थिति सिर्जना भएको छ । यसले भविष्यमा जापानमा देखिएको जस्तो मृत्यु भएको लामो समय अझ बर्षौंपछि मात्र आमाबुवाका बेवारिसे शव भेटिने अवस्था नआउला भन्न सकिँदैन ।

के खोज्छन् ज्येष्ठ नागरिक ?

भनिन्छ केटाकेटी र बुढाबुढी उस्तै उस्तै हुन् । उनीहरूलाई माया, ममता र उपयुक्त किसिमको खाना चाहिन्छ । केटाकेटी माया र खानाबाटै अरू सम्पूर्ण कुरा बिर्सन्छन् तर ज्येष्ठ नागरिक सानो कुराले पनि आफूलाई अपमानित महसुस गरेमा चिन्तित बन्छन् । यसैले उनीहरू जहिले पनि अरू व्यक्तिबाट माया, आदर र सामाजिक प्रतिष्ठा खोजिरहेका हुन्छन् । यौवन र प्रौढावस्थामा घर र समाजको जिम्मेवारपूर्ण भूमिकामा रहेका वृद्धवृद्धामा आफ्नो हैसियत र शक्ति गुमेकामा अचेतन मनबाटै चिन्तित र हीनताबोध गरिरहेको अवस्थामा हुन्छन् । वृद्धावस्था प्रवेशसँगै उनीहरूको भूमिका केन्द्रबाट क्रमशः परिधिमा पुगेको हुन्छ । मानसिक रूपमा भने विगतको भूमिकाबाट आफूलाई अलग्याउन सकेका हुँदैनन् । यसैले उनीहरू प्रौढ भइसकेका सन्तानलाई समेत सानै देख्छन् ।

अहिलेका वृद्धवृद्धा आफ्ना बुवाआमाको छायाबाट त्रसित थिए । यी वृद्धवृद्धा अहिले छोराछोरीबाट समेत त्रसित छन् । शारीरिक अस्वस्थता र अवस्थाले कमजोर तुल्याए पनि ज्येष्ठ नागरिक आफ्नो गुमेको हैसियत कायमै रहेको भ्रममा हुन्छन् । उनीहरू लामो अनुभवका कारण मानसिक रूपमा महत्वाकांक्षीसमेत हुन्छन् । शारीरिक अवस्थाले मनलाई साथ नदिँदा उनीहरू आफैँप्रति विरक्तिएका हुन्छन् । शारीरिक र पारिवारिक वा सामाजिक शक्ति हराउँदा उनीहरूमा मनोसामाजिक द्वन्द्व र विचलन आएको हुन्छ । यस्तो अवस्थामा उनीहरूले समाज र परिवारबाट आदर र सम्मान खोजिरहेका हुन्छन् । नेपाली समाजमा ‘भैँसी बुढो भए भिर खोज्छ, मान्छे बुढो भए निहुँ खोज्छ’ भन्ने भनाइ प्रचलित छ । ज्येष्ठ नागरिकले आदर, सम्मान र मर्यादाको अपेक्षा गर्ने भएकैले उपयुक्त भनाइ प्रचलनमा आएको अनुमान गर्न सकिन्छ । ज्येष्ठ नागरिकलाई सबैभन्दा ठुलो सहयोग उनीहरूका कुरा सुनिदिने काम हो तर अहिले हाम्रो समाजमा ज्येष्ठ नागरिकका कुरा सुनिदिने व्यक्तिको अभाव बढ्दै गएको छ । छोराछोरी सानै उमेरबाट विद्यालय भर्ना हुने, उनीहरूको सम्बन्ध परिवारका सदस्यसँग भन्दा आफ्ना साथीभाइसँग हुने अनि उमेर बढ्दै गएपछि पेसा व्यवसायको व्यस्तताका कारण ज्येष्ठ नागरिकलाई समय दिनै नसक्ने अवस्थामा पुगेका छन् । छोराछोरीले आर्जन गरेको धनसम्पत्ति र सुख सुविधा ज्येष्ठ नागरिकका लागि पर्याप्त हुन सक्दैन । उनीहरूले घरपरिवारबाट पर्याप्त स्नेह, आदर र ममता खोजिरहेका हुन्छन् । जसको अभावले उनीहरूमा जीवनप्रतिको वितृष्णा बढ्दै जान्छ ।

के गर्ने त ?

वर्तमान समाज र सामाजिक संरचनामा युवापुस्ता अति व्यस्त हुनुपर्ने बाध्यात्मक अवस्था छ । घर छोडेर कार्यक्षेत्रमा खट्नुपर्ने बाध्यताका कारण चाहेर पनि उनीहरू ज्येष्ठ नागरिकका कुरा सुन्न सक्ने अवस्थामा छैनन् । समाजले पनि परम्परागत नैतिक मूल्य मान्यतालाई कम महत्व दिई आर्थिक अवस्थाका आधारमा सम्बन्धलाई परिभाषित गर्ने भाष्य स्थापित गरेको छ । यसले गर्दा ज्येष्ठ नागरिकले न घरबाट न त समाजबाट आदर र सम्मान प्राप्त गर्न सकेका छन् । उनीहरूका कुरा सुनिदिने, अन्तरक्रिया, सहयोग आदर र प्रेम गर्ने कामको अभावले ज्येष्ठ नागरिकले आफू पनि समाजको सदस्य हुँ भन्ने सामाजिक सम्बन्धको अनुभूति गर्न पाएका छैनन् । आफ्ना बाल्यकालीन साथीहरूसमेत गुमाएका वा उनीहरूबाट टाढा हुनु परेका ज्येष्ठ नागरिक व्यस्त युवापुस्ता तथा ग्याजेटप्रेमी नातिनातिना पुस्ताले बेवास्ता गरिदिँदा उनीहरूको मानसिक स्वास्थ्य बिग्रँदै गएको छ । यसैले सम्भव भएसम्म संयुक्त परिवारमा रहने, ज्येष्ठ नागरिकलाई समान उमेरका अन्य नागरिकसँग अन्तरक्रिया गर्नका लागि वातावरण सिर्जना गरिदिने, शारीरिक र मानसिक स्वास्थ्य सुरक्षाका लागि योग तथा आध्यात्मिक साधनाको वातावरण सिर्जना गरिदिने, हजुरबा हजुरआमासँग नाति पुस्ता खेल्ने, कुराकानी गर्ने वातावरण बनाउने हो भने ज्येष्ठ नागरिकले भोग्दै आएको एकलकाटे पीडा न्यूनीकरण हुन्छ ।

वास्तवमा ज्येष्ठ नागरिक अनुभवका खानी, सामाजिक मूल्य मान्यता एवं विकास निर्माणका जिउँदो इतिहास, स्थानीय सिप, प्रविधि, विश्वास र विचारका सशक्त संवाहक हुन् । अर्थमुखी वर्तमान समाजले उनीहरूका मूल्यलाई उचित स्थान दिन सकेको छैन । यस्तो परिस्थितिमा परिवारका सदस्यले ज्येष्ठ नागरिक घर र समाजमा रमाउने वातावरण सिर्जना गर्न तत्परता देखाउनु पर्छ । यसले सामाजिक मूल्य मान्यता हस्तान्तरण गर्न मात्र होइन, ज्येष्ठ नागरिकका अनुभवसिद्ध महत्वपूर्ण विधि पद्धति र सिद्धान्तहरू ग्रहण गर्नका लागि समेत सहयोग पुग्छ । ज्येष्ठ नागरिकलाई सम्पूर्ण रूपमा निवृत्त वा आश्रित व्यक्तिका रूपमा मात्र चित्रण नगरेर उनीहरूसँग भएको अथाह ज्ञान, अनुभव र अभ्यासलाई नयाँ पुस्तामा स्थानान्तरण गर्ने उपयुक्त वातावरण सिर्जना गरे ज्येष्ठ नागरिक वास्तवमै समाजका गौरवपूर्ण सम्पदा बन्न सक्छन् । पारिवारिक र सामाजिक सम्मिलनले उनीहरूको जीवनप्रतिको दृष्टिकोण बदलिन सक्छ अनि जापानमा जस्तै बेवारिसे भई मृत्युवरण गर्ने अवस्था आउन दिँदैन ।

पूर्वाधारमा लगानीका वैकल्पिक विधि

• रमेश घिमिरे

सडक, पुल, वैकल्पिक मार्ग, सहरी पूर्वाधार जस्तैः पार्क, मेट्रो रेल, प्रदर्शनी स्थल आदिको निर्माण विकासका पूर्वसर्त हुन् । गुणस्तरीय दिगो भौतिक संरचना नभई आर्थिक गतिविधिका लागि आधार तयार हुँदैन । विकास भनेको नागरिकको घरछेउमा सुविधा पुग्नु र त्यो सुविधा उपभोग गर्न उनीहरूको गोजीमा पैसा पनि हुनु हो । भौतिक संरचनाले सोझै गरिबको गोजीमा पैसा भर्दैन तर पहिले भौतिक संरचना बनाएपछि मात्र गोजी भर्ने आधार तयार हुँदै जान्छन् ।

पूर्वाधार विकासमा निजी क्षेत्र र सरकार दुवैबिच सहकार्यमा अघि बढ्नु पर्छ । निजी जमिनमा निर्माण गर्ने संरचना निजी क्षेत्र एक्लैले निर्माण गर्न सक्छ । सार्वजनिक जमिनमा निर्माण गर्न सरकारको भूमिका हुनु पर्छ । प्रतिफल सुनिश्चित भएका परियोजना निजी मात्र लगानीमा निर्माण हुन सक्छन् । उदाहरणका लागि जलविद्युत् आयोजनालाई लिन सकिन्छ । सरकारले नदी र ठाउँ तोकेर निजी कम्पनीलाई जलविद्युत्को लाइसेन्स दिन्छ । निजी कम्पनीले विद्युत् उत्पादन गरेर सरकारलाई रोयल्टी तिर्छन्, मुनाफा कमाउँछन् । ३० वर्षपछि आयोजना सरकारलाई हस्तान्तरण गर्छन् । यसलाई ब्युल्ट, ओनरसिप, अपरेट एन्ड ट्रान्सफर (निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण) विधि भनिन्छ ।

बिओओटी मोडेल जलविद्युत्मा सफल मानिएको छ । सडकका लागि ब्युल्ट, अपरेट एन्ड ट्रान्सफर मोडेल विश्वभर व्यापक अपनाइएको छ । नेपालमा यो मोडेल धेरै वर्षदेखि चर्चामा रहेको छ तर खासै यसलाई लागु गरिएको छैन । छिमेकी भारतमा यो मोडेल सडक, बन्दरगाह र एयरपोर्ट टर्मिनलमा व्यापक प्रयोग र सफल भएको छ । नेपालको सार्वजनिक-निजी साझेदारी एवं लगानी ऐन, २०७५ ले बिओटी मोडेल उल्लेख गरेको छ तर प्रयोगमा आउन सकेको छैन ।

बिओटी मोडेलमा सरकारले प्रतिस्पर्धा गरेर निजी क्षेत्रलाई परियोजनाको लाइसेन्स दिन्छ । निजी कम्पनीले आफ्नो लगानीमा परियोजना निर्माण गर्छ । परियोजनाको लागत र मुनाफा कम्पनीले उपभोक्ताबाट उठाउँछ । सडक प्रयोगकर्ताबाट उठाउने शुल्कलाई ‘टोल’ भनिन्छ । सरकारले पैसा लगानी गर्नु परेको भए सबै जनताले तिरेको कर प्रयोग हुन्थ्यो । बिओटी मोडेलमा जसले बाटो जति धेरै प्रयोग गर्छ, उसले उति धेरै ‘टोल’ तिर्नु पर्छ ।

जसले कम लागतमा परियोजना निर्माण गर्छु भन्छ, सरकारले उसलाई लाइसेन्स दिन्छ । लागत कम भएपछि उपभोक्ताबाट लिने शुल्क पनि कम हुन्छ । कतिपय परियोजना वित्तीय प्रतिफलका हिसाबले सम्भाव्य हुँदैनन् । देशको आवश्यकता अनुसार निर्माण गर्नुपर्ने हुन्छन् । यस्तो अवस्थामा सरकारले न्यून रकम बेहोरिदिन्छ । यसलाई ‘भायबिली फन्डिङ ग्याप’ भनिन्छ ।

प्रतिफल सुनिश्चित गर्न न्यूनतम आम्दानी प्रत्याभूति (मिनिमम रेभिन्यु ग्यारेन्टी) विधि पनि अवलम्बन गर्न सकिन्छ । अनुमान गरिएभन्दा कम शुल्क उठेमा सरकारले बेहोरिदिने विधिलाई एमआरजी भनिन्छ । उपभोक्ताको बेन्चमार्क निर्धारण गरेर त्योभन्दा कम उपभोक्ता आए भने सरकारले न्यूनतम यति रकम थप गरिदिने भनेर सम्झौता गरिन्छ । यसविपरीत यसभन्दा बढी उपभोक्ता आएमा शुल्कको यति हिस्सा सरकारले पाउने भनेर पनि सर्त राख्न सकिन्छ ।

बिओओटी मोडेलमा सरकारको लगानी शून्य र रोयल्टी आम्दानी हुन्छ । बिओटी मोडेलमा सरकारको लगानी शून्य या भिजिएफबापत थोरै लगानी हुन सक्छ । परम्परागत निर्माण विधिमा सम्पूर्ण लागत सरकारको पर्छ । सरकारले परियोजनाको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन र लागत अनुमान तयार गर्छ । ठेक्का आह्वान गर्छ । जसले कम रकममा ठेक्का लिन चाहन्छ, उसलाई ठेक्का दिन्छ । निर्माण सामग्रीको मूल्यवृद्धि र डिजाइन परिवर्तनका कारण लागत बढेमा सरकारले बेहोर्नुपर्छ । निर्माण सम्पन्न भएपछि निजी कम्पनीले परियोजना सरकारलाई हस्तान्तरण गर्छ । त्यसको सञ्चालन, मर्मतसम्भार पुनः सरकारको जिम्मेवारीमा आउँछ ।

सरकार राजनीतिक तह र ब्युरोक्रेसी मिलेर बनेको हुन्छ । नेपाल जस्ता मुलुकमा राजनीतिक नेतृत्व केही महिना वा वर्षमा फेरबदल हुने गर्छ । कर्मचारी पनि केही महिना वा वर्षमा सरुवा भएर जिम्मेवारी फेरबदल हुन्छ । निर्माण भएका आयोजनाको उचित सञ्चालन र मर्मतसम्भारको कार्य ओझेलमा पर्छ । निर्माण व्यवसायीको दीर्घकालीन दायित्व नहुने भएपछि निर्माणको गुणस्तर प्रभावित हुन सक्छ ।

परम्परागत आयोजना निर्माणको मोडेलमा सरकारको दायित्व असीमित हुन्छ । यसले गर्दा सरकारलाई भविष्यको लगानी योजना बनाउन कठिनाइ हुन्छ । समग्रमा लागत पनि बढी पर्न जान्छ । यसको विकल्पमा इन्जिनियरिङ प्रोक्युरमेन्ट एन्ड कन्स्ट्रक्सन मोडेल बनेको छ । इपिसी मोडेलमा सरकारले सुरुमा लगाएको ठेक्का रकममा कुनै पनि थप दायित्व बेहोर्नु पर्दैन । सरकारले आउटपुट (परिणाम) को रिक्वायरमेन्ट (आवश्यकता) दिन्छ । त्यसमा सबैभन्दा कम रकममा निर्माण गर्नेले ठेक्का पाउँछ । निजी कम्पनीले नै ड्रइङ, डिजाइन तयार गर्छ । भेरिएसन आएको पैसा सरकारले दायित्व बेहोर्नु पर्दैन ।

सरकारका लागि प्रोजेक्टहरू बिओटी मोडेलमा निर्माण गर्न उपयुक्त हुन्छ किनकि सरकारी बजेट खर्च हुँदैन । यो मोडेलमा निजी क्षेत्र पाउन कठिन छ । त्यसैले इपिसी र बिओटी मोडेलको मिश्रित रूप हाइब्रिड एन्युटी मोडेल उपयुक्त हुन्छ । यस विधिमा लागत साझेदारी हुन्छ । सरकारले परियोजनाको लागत ४० र निजी क्षेत्रले ६० प्रतिशत बेहोर्छ । परियोजनाको टोल सरकारले उठाउँछ । निजी कम्पनीलाई वार्षिक किस्ता भुक्तानी दिन्छ । सरकार र निजी क्षेत्रसँग १० देखि २० वर्षको सम्झौता हुन्छ । यो अवधिसम्म मर्मतसम्भारको दायित्व निजी कम्पनीको हुन्छ ।

एचएएमले परियोजनाका लागि स्रोत जुटाउने र विनियोजन गर्ने काम वैज्ञानिक बनाउन मद्दत गर्छ । लोकप्रिय वितरणमुखी बजेटलाई नियन्त्रण गरेर योजनाबद्ध बनाउन सहयोग गर्छ । यसले निजी कम्पनीलाई थप जिम्मेवार, इमानदार र क्षमतावान् बन्न प्रेरित गर्छ । सरकारलाई पनि परियोजनाको लाभ लागत र प्रभाव अध्ययन गर्न प्रेरित गर्छ । परियोजना निर्माण गर्दा सरकारले मात्र जोखिम र लाभ लिने पुराना विधिको विकल्पमा दुवै पक्षले जोखिम र प्रतिफल लिने विधि, विकास र अभ्यास भइरहेका छन् । छिमेकी भारतलगायत विश्वभर एचएएम विधिमा ठुला परियोजना निर्माण भइरहेका छन् । भारतमा बन्दरगाह, रेलवे, एयरपोर्ट, सुपर हाइवे यही विधिमा निर्माण भइरहेका छन् ।

नेपाल सरकार उच्च बजेट घाटामा छ, पछिल्ला वर्षमा ऋणात्मक बचत छ । बजेटको प्रभावकारी सदुपयोग हुन सकेको छैन । आधुनिक प्रविधिको प्रयोगको अभाव, कमजोर विकास प्रशासन र विद्यमान संरचनाको न्यून उपयोगिता साथै पूर्वाधारको मर्मतसम्भार हुन नसक्नु हामीले चिर्नुपर्ने चुनौती हुन् । यी मुद्दालाई सम्बोधन गर्न नेपालले भौतिक पूर्वाधार निर्माण र व्यवस्थापनमा नवीनतम लगानी विधि अवलम्बन गर्नु पर्छ । यी मोडेलले लगानी न्यूनतालाई पूर्ति गर्ने, कार्यकुशलता वृद्धि गर्ने, सरकारको वित्तीय दायित्य कम गर्ने र आर्थिक वृद्धिलाई बढाउनु पर्छ ।

एचएएम जस्ता मोडेलले माथिका चुनौती सामना गर्न मद्दत गर्छ । सरकारले विगतमा काम सम्पन्न गर्ने ठेकेदारको भुक्तानी लामो समयसम्म पनि दिन नसकेको अनुभव निजी क्षेत्रसँग छ । यसले गर्दा एचएएम मोडेलमा काम गर्न निजी क्षेत्र कत्तिको तयार हुन्छ भन्ने प्रश्न छ । सरकारले विश्वास दिलाउन सक्नु पर्छ । सरकारसँग कोष र क्षमताको कमी भए पनि इमानदारिता र प्रतिबद्धताको कमी हुनुहुन्न ।

सरकार र निजी क्षेत्र मात्र होइन, सर्वपक्षीय लगानीमा विकास गर्ने मोडेल पनि अहिले अभ्यासमा आएको छ । खास गरी संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य २०३० हासिल गर्न ब्लेन्डेड फाइनान्स मोडेल प्रयोगमा आएको छ । छिमेकी भारतमा यो विधि पनि अवलम्बन गरिएको छ । सरकारी, निजी, अन्तर्राष्ट्रिय ऋणदाता, अनुदानदाता, चन्दा, सहयोग सबै प्रकारका लगानीको मिश्रित रूपलाई ब्लेन्डेड फाइनान्सिङ भनिन्छ ।

ब्लेन्डेड फाइनान्समा परियोजनाको जोखिम कम र निजी क्षेत्रलाई आकर्षित गर्न प्रारम्भिक पुँजीमा अनुदान प्राप्त हुन्छ । परियोजनाको सम्भाव्यता वृद्धि गर्न सहुलियत र लामो कर्जा सुविधा दिने संस्था आबद्ध गरिन्छ । भुक्तानी गर्न नसकेको अवस्थामा वित्तीय प्रत्याभूतिको व्यवस्था गरिन्छ । निजी क्षेत्रसँग लगानीको प्रतिफल र जोखिम सेयरिङ गर्न परियोजनामा प्रत्यक्ष इक्युटी लगानी गरिन्छ । ऋणलाई इक्युटीमा परिणत गरेर थप पुँजीको व्यवस्थापन र ऋणको भार कम गरिन्छ ।

संयुक्त राष्ट्रसंघीय एजेन्सी, विश्व बैङ्क, एसियाली विकास बैङ्क, च्यारिटी अर्गनाइजेसन, मित्र राष्ट्रका सहयोग एजेन्सीलगायत सबै विकास साझेदारसँगको समन्वय र सहकार्यमा ब्लेन्डेड फाइनान्सको मोडेललाई साकार पार्न सकिन्छ । अन्तर्राष्ट्रिय संघ संस्था र सरकारको संलग्नता तथा सहभागिताले परियोजनाको औचित्य, गाम्भीर्य र पे ब्याकलाई विश्वासिलो बनाउँछ । निजी क्षेत्र निर्धक्कसाथ सहभागी हुन सक्छ ।

नेपालको सार्वभौम क्रेडिट रेटिङ छैन । नेपाल सरकारको ऋण तिर्ने क्षमता कति छ भनेर मापन गर्ने कार्यलाई क्रेडिट रेटिङ भनिन्छ । ऋण तिर्ने क्षमता भएका देशले सस्तो ब्याजमा सहज ऋण पाउँछन् । क्षमता कमजोर छ भने ब्याज महँगो र ऋण गाह्रो पर्छ । रेटिङ गर्दा नेपालको अवस्था पक्कै कमजोर देखिन सक्छ । यो चुनौतीमा पनि सरकारले ध्यान दिनु पर्छ ।

अन्त्यमा सरकारले जनताबाट कर उठाएर मात्र आजको माग र आवश्यकता धान्ने विकास पूर्वाधार निर्माण गर्न सक्दैन । घाटा बजेटमा परियोजना निर्माण गर्नु भनेको पनि भविष्यमा करको भार बढाउनु हो । अहिलेका परियोजना भविष्यका पुस्ताले समेत प्रयोग गर्ने भएकाले ऋण लिएर निर्माण गर्नु नाजायज होइन तर राजस्व क्षमतालाई पनि ख्याल गर्नु पर्छ । त्यसैले सार्वजनिक-निजी साझेदारी मोडेललाई बढी प्राथमिकतामा राख्नु पर्छ । त्यसका लागि सरकारले सुशासनको प्रत्याभूति बढाउनु पर्छ । कानुनी पूर्वाधार तयार गर्नु पर्छ । उपभोक्ताबाट शुल्क उठाउने संयन्त्र निर्माण गर्नु पर्छ ।

प्याब्सनको जिल्लास्तरीय अतिरिक्त क्रियाकलाप सम्पन्न

DISTRICT LEVEL ECA PROGRAMME-2081
PABSON, JHAPA

झिलझिले(प्रस) । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापाले जिल्लास्तरीय अतिरिक्त क्रियाकलाप सम्पन्न गरेको छ । शिवसताक्षीको झिलझिलेमा रहेको वाटर किंगडम पार्कमा प्याव्सन झापाले प्रतियोगिता आयोजना गरेको थियो । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापाका अध्यक्ष गौरीमान फागोको अध्यक्षता तथा शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख भोलानाथ दाहालको प्रमुख आतिथ्यतामा प्रतियोगिता सम्पन्न भएको थियो। प्याब्सन झापाले गत भदौ १४ गतेबाट पालिका स्तरमा एकैसाथ अतिरिक्त क्रियाकलाप सञ्चालन गरी माध्यमिक तहमा कविता वाचन, आधारभूत तह(कक्षा १ देखि ५ सम्म) हाजिरीजवाफ, माध्यमिक तह र आधारभूत तहमा निबन्ध लेखन, माध्यमिक तहमा आकस्मिक वक्तृत्वकला कार्यक्रमहरु सञ्चालन गरेको थियो ।

जिल्लास्तरीय प्रतियोगितामा आधारभूत तह कक्षा ६-८ को हाजिरीजवाफतर्फ गोलधाप सनसाइन हल्दिबारीका सौगात रेग्मी र दिया पौडेल प्रथम, पशुपति मा.वि. कनकाईका प्रिन्स खनाल र दृष्टि सिटौला द्वितीय र जयपुर स्कूल बुद्धशान्तिका दिब्यांशु अधिकारी र दिब्या अधिकारी तृतीय भए ।

त्यस्तै माध्यमिक तहको अंग्रेजी आकस्मिक वक्तृत्वकला प्रतियोगिताको छात्रतर्फ इमिनेन्ट कञ्चनजंघा गौरादहका प्रवेश अधिकारी प्रथम, चिल्ड्रेन गार्डेन हल्दिबारीका सम्राट खरेल द्वितीय र नेशनल मेरिगोल्ड स्कुल भद्रपुरका प्रनिल सत्याल तृतीय भएका छन् ।

छात्रातर्फ जयपुर स्कूल बुद्धशान्तिकी जिज्ञासा श्रेष्ठ प्रथम, मिनी माउन्टेन स्कूल बाह्रदशीकी सृष्टि बास्तोला द्वितीय, संस्कारा शिक्षा सदन हल्दिबारीकी सिकुम लिम्बू तृतीय भएका छन् ।

त्यस्तै माध्यमिक तह अंग्रेजी निबन्धमा दिपजन अंग्रेजी मा.वि. बाह्रदशीका सुमन थापा, न्यूटन्स एकाडेमी बिर्तामोडका इतुशा लिम्बू, जयपुर अंग्रेजी स्कूल बुद्धशान्तिकी आभा पोखरेल, ग्रिनफिल्ड स्कूल बिर्तामोडकी सुम्निमा राई र सगरमाथा स्कूल शिवसताक्षीका रोशन थापा उत्कृष्ट पाँचमा पर्न सफल भए ।

माध्यमिक तहको नेपाली निबन्धमा माउण्ट एभरेष्ट गौरादहका जेनिस कोइराला, जयपुर इङ्गिलस स्कुल बुद्धशान्तिका पूजन श्रेष्ठ, नमूना अंग्रेजी मावि गौरादहकी एलिसा सापकोटा, साउथ होराइजन स्कुल झापाकी केशिका संग्रौला र श्रृजना शिशु सदनकी श्रृष्टि ढकाल उत्कृष्ट पाँचमा परेका थिए ।

आधारभूत तह कक्षा ६-८ अंग्रजी निबन्धमा दुर्गा स्कुल मेचीनगरकी कृषा मेचे, एमिटी स्कुल बिर्तामोडका संयोग सम्बाहाम्फे, देवभूमि स्कुल अर्जुनधाराका रिवान खतिवडा, लालिगुराँस स्कुल दमकका नेल्सन खत्री र चन्द्रज्योति स्कुल झापाका भास्कर राजवंशी उत्कृष्ट पाँचमा परे भने नेपाली निबन्धतर्फ जयपुर स्कुल बुद्धशान्तिका गौरव भण्डारी, बेल्स मोडेल बिर्तामोडका सृजन ढुंगेल, नमूना मावि गौरादहकी अर्पणा बस्नेत, ज्ञानोदय मावि गौरीगञ्जका सोनु बस्नेत र दिपजन अंग्रेजी मावि बाह्रदशीका ससेहाङ् लिम्बू उत्कृष्ट पाँचमा पर्न सफल भई पुरस्कृत भएका थिए ।

आधारभूत तह चित्रकला छात्रतर्फ निहारिका स्कुल कमलका अनुप तामाङ, हरिकुल स्कुल कन्काईका नेत्र गदाल, दिब्यज्योति स्कुल बाह्रदशीका हिमाल राजवंशी, इष्टर्न स्टार स्कुल दमकका डेनियल टुडू, न्यूटन्स एकेडेमी बिर्तामोडका न्यूसन तुम्बाहाम्फे, छात्रातर्फ हरिकुल स्कुल कन्काईकी समीक्षा अधिकारी, कालिका शिशु सदन अर्जुनधाराकी युशा ढकाल, कन्भेन्ट स्कुल मेचीनगरकी कोहिनूर श्रेष्ठ, सर्बोदय स्कुल दमककी विविशा बुढाथोकी र हिमालयन एकाडेमी मेचीनगरकी अपराजिता रानामगर उत्कृष्ट चित्रकारितामा पुरस्कृत भए ।

माध्यमिक तहको खुल्ला चित्रकलामा मेची स्कुल शिवसताक्षीका मनिर लिम्बू, नर्थपोइन्ट स्कुल मेचीनगरकी सप्रिका राई, संस्कारा शिक्षा सदन हल्दिबारीका शिशिर लोहार, विभूति विद्यामन्दिर भद्रपुरकी शिखा गौतम र सिर्जना शिशु सदनकी रिजा लिम्बू उत्कृष्ट भई पुरस्कृत भएका थिए । सबै विधाहरुमा उत्कृष्ट हुने विद्यार्थी र विद्यालयहरुलाई ट्रफी, मेडल र प्रमाणपत्रदारा पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि दाहालले प्याब्सन झापाले पाठ्यपुस्तक पठनपाठनका अलावा विद्यार्थीको चौतर्फी विकासका लागि आयोजना गरेको अतिरिक्त क्रियाकलाप सह्रानीय रहेको भन्दै धन्यवादसहित झापा प्याब्सनको प्रशंसा समेत गरेका थिए ।

कार्यक्रममा कमल गाउँपालिका शिक्षा तथा खेलकुद शाखा प्रमुख सूर्य न्यौपाने, शिवसताक्षी नगरपालिका शिक्षा शाखा प्रमुख छवि ढकाल, प्याब्सन कोशी प्रदेश सल्लाहकार एलडी राई, प्याब्सन कोशी प्रदेश सचिव कोषराज प्याकुरेललगायतको विशेष आतिथ्य रहेको थियो । प्याब्सन झापाका बरिष्ठ उपाध्यक्ष छत्रबहादुर कार्कीले स्वागत मन्तव्य राखेको कार्यक्रम प्याब्सन झापाका कार्यवाहक सचिव लक्ष्मीप्रसाद उप्रेती र सहसचिव भवानीप्रसाद पाठकले सञ्चालन गरेका थिए ।

विद्यालयमा सेनिटरी प्याड व्यवस्थापन गर्ने उपकरण


Napkin insertion window
सुरक्षित महिनावारी, हाम्रो जिम्मेवारी
WHITE MOON SANITARY PAD DISPOSAL MACHINE

झापा(प्रस) ।ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाका विद्यालयमा सेनिटरी प्याड व्यवस्थापन गर्ने उपकरण जडान गरिएको छ । गाउँपालिकाले पालिकाभित्रका माध्यमिक र आधारभूत तह सञ्चालन भएका विद्यालयमा प्रयोग भइसकेको सेनिटरी प्याड सुरक्षित व्यवस्थापन गर्ने उपकरण जडान गरेको हो । गाउँपालिकाले ‘सुरक्षित महिनावारी, हाम्रो जिम्मेवारी’ भन्ने नारालाई सार्थक बनाउन साथै किशोरीहरुको स्वास्थ्य सुरक्षालाई दृष्टिगत गरी प्रयोग भइसकेको सेनिटरी प्याड सुरक्षित व्यवस्थापन गर्ने उपकरण जडान गरेको हो । गाउँपालिका अध्यक्ष दीपेन्द्र पोमू (दीपेन)का अनुसार पालिकाभित्र माध्यमिक तह सञ्चालनमा रहेका सात वटा र आधारभूत तह (कक्षा १-८) सञ्चालनमा भएका आठ गरी १५ वटा विद्यालयमा उपकरण (मेसिन) जडान गरिएको छ ।

महिनावारी सुरु भएका छात्रा अर्थात् किशोरीले मासिक स्राव भएको बेला उनीहरुले प्रयोग गर्ने सेनिटरी प्याड उचित र व्यवस्थित रुपमा विसर्जन गर्नेगरी गाउँपालिकाले सहयोग गरेको गाउँपालिका अध्यक्ष पोमूले बताए । उनका अनुसार जडान भएका उपकरणको सही व्यवस्थापन र संरक्षणमा ध्यान दिन सम्बन्धित विद्यालय प्रशासनलाई आग्रह गरिएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तबहादुर भट्टराईले सेनिटरी प्याडको प्रयोग र प्रयोग भइसकेपछि सुरक्षित व्यवस्थापन गर्न आवश्यक ठानेर गाउँपालिकाले उक्त काम गरेको बताए । सेनिटरी प्याडको प्रयोगपछि सुरक्षित व्यवस्थापन अनिवार्य हुने भएकाले विद्यालयहरुमा प्याड विसर्जन गर्ने उपकरण जडान गरिदिएको उनले बताए ।

नाई संघको बिर्तामोड समिति गठन

बिर्तामोड(प्रस) । नेपाल ट्रेड युनियन कांग्रेससँग आबद्ध नेपाल नाई संघ बिर्तामोड नगर समितिको अध्यक्षमा बन्धन ठाकुर निर्वाचित भएका छन् । बिर्तामोड नगर क्षेत्रभित्रका ठाकुरहरुको भेलाले बन्धनको अध्यक्षतामा समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा अमर ठाकुर, सचिवमा विजय ठाकुर, सहसचिवमा दुखन ठाकुर र कोषाध्यक्षमा ओमप्रकाश ठाकुर निर्वाचित भएका छन् ।

समितिको सदस्यहरुमा सत्यम ठाकुर, अमित ठाकुर, मुकेश ठाकुर, विवेक ठाकुर, पप्पु ठाकुर र अशोक ठाकुर चयन भएका छन् । नेपाल नाई संघका केन्द्रीय सदस्य विजय ठाकुरको प्रमुख आतिथ्य र नेपाल नाई संघ झापाका अध्यक्ष मनोजकुमार ठाकुरको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल तरुण दल केन्द्रीय सदस्य सजेश शिवाकोटी, नेपाली कांग्रेस विर्तामोड नगर समितिका कार्यबाहक सभापति सूर्यप्रसाद कन्दङ्वा, महाधिवेशन प्रतिनिधि घनश्याम चौधरीलगायतले शुभकामना मन्तब्य राखेका थिए ।

प्रजातन्त्र सेनानी संघको अध्यक्षमा सिटौला

बिर्तामोड(प्रस) । नेपाल प्रजातन्त्र सेनानी संघ झापाको मंगलवार सम्पन्न पाँचौं जिल्ला अधिवेशनले अध्यक्षमा लिलक सिटौलालाई निर्विरोध निर्वाचित गरेको छ । प्रजातन्त्र प्राप्तिका लागि राजनीतिक दल प्रतिबन्धित काल एवं पञ्चायती शासन ब्यवस्थाका विरुद्ध प्रजातान्त्रिक आन्दोलनमा होमिएका प्रजातन्त्र सेनानी एवं तिनका परिवार हरुलाई संगठित गर्ने उद्देश्यले नेपाल प्रजातन्त्र सेनानी संघ गठन भएको हो ।गठित समितिको उपसभापतिमा उत्तमकुमार सुवेदी, सचिवमा पंकज घिमिरे निर्विरोध निर्वाचित भएका छन् । समितिको सदस्यहरुमा बिलास मल्लिक डोम, कमलप्रसाद राजवंशी, जयबहादुर राई, आसमानसिंह राजवंशी, बलराम तामाङ, ज्ञानमणि भुर्तेल, चक्रप्रसाद सिटौला, टेकनाथ उप्रेती, झुनादेवी बानिया, सूर्य ढुङ्गाना, लुथ्रो हेमरम, तीर्थराज डाँगी निर्वाचित भएको निर्वाचन अधिकृत इन्दु पूर्वेलीले जानकारी दिइन् । अधिवेशनले रामकुमारी पौडेल, टिकाप्रसाद प्रसाई, विरबहादुर प्रसाई, युद्धराज ओली, शरद शिवाकोटी, यामप्रसाद भण्डारी र श्यामलाल दाहाललाई केन्द्रीय प्रतिनिधिमा निर्विरोध चयन गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

निर्वाचित पदाधिकारी, सदस्य एवं केन्द्रीय प्रतिनिधिहरुलाई नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति केशवराज पाण्डे, उपसभापति शेरबहादुर भट्टराई, प्रजातन्त्र सेनानी संघका केन्द्रीय सदस्य देवीप्रसाद डाँगी, तेजप्रसाद सुवेदी, नरेन्द्रकुमार कार्की, नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रञ्जिता कार्की, झापाका पूर्व उपसभापति राम कट्टेललगायतले प्रमाणपत्र प्रदान गरेका थिए । अधिवेशन उद्घाटन समारोहमा शुभकामना मन्तब्य राख्दै पार्टीका कार्यबाहक सभापति केशवराज पाण्डेले लोकतान्त्रिक शासन ब्यवस्थाको जग प्रजातन्त्र सेनानीहरुले बसाएको धारणा राखे । लोकतान्त्रिक शासन ब्यवस्थामा मात्रै सबैका अधिकार सुनिश्चित हुने बताउँदै उनले प्रजातन्त्र सेनानी र उनीहरुको परिवारको स्थितिको तथ्याङ्क संकलन गर्न निर्वाचित समितिलाई सुझाव दिए । झापामा केही प्रजातन्त्र सेनानीहरुको स्मृतिमा प्रतिष्ठान गठन एवं शालिक निर्माण गरेर संस्थागत रुपमै संरक्षणको पहल गरिएको उनको भनाइ छ । कार्यक्रममा सेनानी संघका केन्द्रीय सदस्य तेजप्रसाद सुवेदीले प्रजातान्त्रिक आन्दोलनका क्रममा सर्वश्वहरणमा परेका केही प्रजातन्त्र सेनानीहरुको अहिले पनि सम्पत्ति फिर्ता भइनसकेको बताउँदै सम्पत्ति फिर्ता गर्न दवाव दिनुपर्नेमा जोड दिए । केशवराज पाण्डेको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन नेपाली कांग्रेस झापाका सहसचिव कमलप्रसाद भण्डारीले गरेका थिए ।

सरकारप्रति ...

अब बर्षौंसम्म राज्य स्रोतको दोहन गर्ने वातावरण बनाउनु मात्र हो ।’

राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका अध्यक्ष केशव ओझाको अध्यक्षतामा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष लिङ्देनले आफ्ना मान्छे भर्ती गराउनका लागि संवैधानिक परिषद्मा बहुमत पुर्याउन उपसभामुख इन्दिरा राना मगरलाई आचरणबिरुद्धको अभियोग लगाउने तयारी गरिरहेको आरोप लगाए ।

लिङ्देनले सम्बोधन गर्दै ‘उपसभामुखलाई आचरणबिरुद्धको अभियोग लगाउने कुरा भइरहेको भन्ने सुन्दैछु, काँग्रेस र एमाले त्यही मामिलामा लागेका छन् । संवैधानिक परिषद्मा आफ्नो भाग पुर्याउन उनीहरूले यो काम गर्न लागेका हुन् । यो सरासर गलत छ । सरकारमा सहभागी दलहरुले यसलाई सच्याउनु पर्छ ।’

एनसेल राजनीतिक दलका नेताहरुको दुहुनो गाई भएको आरोप लगाएका लिङ्देनले सरकारलाई स्वामित्व हस्तान्तरण गरेर जानुपर्ने एनसेललाई किस्ताबन्दीमा कर तिर्न पाउने सुविधा यो सरकारले दिएको आरोप लगाए । ‘हामीलाई एक दिन कर नतिर्दा फाईन लाग्छ, एनसेललाई त्यो सुविधा कसको इसारामा दिएको हो ?’ उनले प्रतिप्रश्न गरे ।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी पाँच सयभन्दा बढी दलका नेता तथा कार्यकर्ता राप्रपामा प्रवेश गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी र जनता समाजवादी पार्टी परित्याग गरेर पाँच सय बढी नेता तथा कार्यकर्ता राप्रपामा प्रवेश गरेको जिल्ला अध्यक्ष ओझाले बताए । उनका अनुसार सबैभन्दा धेरै अर्जुनधाराबाट एक सय ५७ जना राप्रपामा प्रवेश गरेका छन् ।त्यस्तै बिर्तामोडबाट एक सय बढी, कनकाई ८-बाट ४०, मेचीनगरबाट ३०, बुद्धशान्तिबाट ४०, कचनकवलबाट ५०, भद्रपुरबाट ४०, हल्दिवारीबाट ५६, बाह्रदशीबाट ३०, झापाबाट १०, दमकबाट १० जना राप्रपामा प्रवेश गरेको बताइएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।
बिर्ता सेफ्टी तथा ढल सफाइ
SERVICES

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

वृष रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

मिथुन छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

सिंह प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

कन्या महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

तुला आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

वृश्चिक आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

धनु आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

मकर मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

कुम्भ आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

मिन दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।